नेपाल सरकार

प्रदेश प्रमुख

सुदूरपश्चिम प्रदेश

धनगढी, कैलाली

# सोनाम ल्होसार, २०८२ को शुभकामना सन्देश

तामाङ समुदायको महान पर्व सोनाम ल्होसार, २०८२ को शुभ-अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सुदूरपश्चिम प्रदेशबासी एवं सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाईहरूमा सुख, समृद्धि, सु-स्वास्थ्य एवं दीर्घायुका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।

सोनाम ल्होसार तामाङ समुदायले नव वर्षको रूपमा मनाउने महत्त्वपूर्ण पर्व हो। यो पर्वका अवसरमा स्वदेश र विदेशमा रहेका तामाङ समुदायहरू आफ्नै जातीय र परम्परागत पोसाकमा सजिएर भेला भई एक आपसमा शुभकामना आदानप्रदान गर्दै विभिन्न कार्यक्रममा सहभागी हुने र धार्मिक अनुष्ठानका लागि स्तुपाहरू, चैत्यहरू र मठ-मन्दिरहरूमा जाने गर्दछन्। यसका साथै सबैतिर शान्ति, सुरक्षा र सद्भाव कायम रहोस् भन्ने कामनासहित घरका छानाहरू, स्तुपाहरू, छोर्तेनहरू, मठ मन्दिरहरू र हिमालय भेगतिर पहाडका टुप्पाहरूलाई समेत रंगीबिरंगी प्रार्थनाका झण्डाहरूले सजाउने गरिन्छ।

यस पर्वले विश्वका विभिन्न स्थानमा छरिएर रहेका तामाङ समुदायबीच आपसी सद्भाव, सहिष्णुता, भातृत्व एवं पारस्पारिक सहयोगलाई बढावा दिँदै आफ्नो संस्कृतिको संरक्षण, सम्वर्द्धन र विकासमा अझै टेवा पुऱ्याउने विश्वास लिएको छु।

अन्त्यमा, सोनाम ल्होसार पर्वले हामी सबैमा राष्ट्र र राष्ट्रियता प्रतिको गहिरो प्रेम, भातृत्व, दीगो शान्ति र सामाजिक सहिष्णुतासहित राष्ट्रिय एकताको भावनालाई थप प्रगाढ बनाउनका लागि थप प्रेरणा प्रदान गरोस् भन्ने कामना गर्दछु।

धन्यवाद !

२०८२ माघ ५ गते, सोमवार।

नजिर मियाँ
प्रदेश प्रमुख

नजिर मियाँ
प्रदेश प्रमुख